# मायादेवीगाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
पकडी,कपिलवस्तु
(लुम्बिनी प्रदेश,नेपाल)

वेबसाइट: www.mayadevimunkapilvastu.gov.np
ईमेल : mayadevirm@gmail.com

पत्र संख्याः ०७९।०८०
च.न.

मितिः२०७९।०६।२५

---

**लेखा परीक्षणका लागि आशयपत्र पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस मायादेवी गाउँपालिका शिक्षा नियमावली,२०७५ को नियम ८८ को उपनियम १ मा उल्लेखित व्यवस्था बमोजिम यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरु तथा धार्मिक विद्यालयहरुको आ.व.२०७८।०७९ को आय व्यय तथा जिन्सी सामानको लेखापरीक्षण प्रयोजनार्थ नेपाल चार्टर एकाउन्टेन्स संस्थामा सूचिकृत लेखा परीक्षकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र तपसिलका कागजातहरु सहित यस गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा कार्यालय समयभित्र लेखापरीक्षणका लागि आशयपत्र पेश गर्नु हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।साथै संस्थागत विद्यालयहरुले मिति २०७९ मंसिर मसान्तभित्र आ.व.२०७८।०७९ को आय व्ययको विद्यालयको लेखापरीक्षण गरी सोको प्रतिवेदन पेश गर्नुहुन समेत यसै सूचना मार्फत सबै संस्थागत विद्यालयहरुलाई जानकारीका लागि अनुरोध छ ।

तपसिलः

- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- पेशागत प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- फर्म,संस्था दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- आ.व.२०७८।०७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- आ.व.२०७८।०७९ को लागि संस्था वा फर्म नवीकरण भएको प्रमाणित प्रतिलिपि ।
- स्थायी लेखा नम्बर भएको परिचय पत्रको प्रमाणित प्रतिलिपि ।
- संस्था वा फर्म कालो सूचिमा नपरेको स्वःघोषणा पत्र ।
- लेखापरीक्षकको निवेदन ।

माधव प्रसाद घिमिरे
शिक्षा अधिकृत

प्रभुधर यादव
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ,
श्री सूचना प्रविधि शाखा- सूचना कार्यालयको वेवसाइट तथा फेसबुक पेजमा अपलोड गर्नुहुन ।

CamScanner